# युगको अन्तको निम्ति तयारी
# *(Preparation for the End Time)*

(मिशन समाचार सहित)


लेखकः

नर्मन गली

(ल्यचकबल न्र्गाभिथण

भावानुवादकः

भजुराम तखाछैं श्रेष्ठ



सेभेन्थ-डे एडभेन्टिस्ट चर्च

सन् २०१८ (बि.सं. २०७५)

ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**
**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टाइन**

प्रथम संस्करण : २०७४ (ई.सं. २०१८)

भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२
**bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतीले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## <u>येशू ख्रीष्ट र अन्तका दिनहरू</u>

यस संसारमा येशूले मानव शरीर लिएर यात्रा गर्नुभएको थियो। यस संसारमा आफ्नो यात्राको अन्तिम समयहरूमा उहाँले आफ्ना चेलाहरूलाई सान्त्वनाका यी शब्दहरू उच्चारण गर्नुभयोः' "तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर। मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र ? तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु? यदि म गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेँ भने म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ। जहाँ म गइरहेछु, तिमीहरूलाई थाहा छ। त्यो जाने बाटो तिमीहरूले चिनेकाछौ ।" 'यूहन्ना १४:१-४। चेलाहरूलाई येशूले सान्त्वना दिनुभएको वचनको पूरा अर्थ तिनीहरुले तत्कालै बुझ्न सकेका थिएनन्। कुन समय उहाँको प्रतिज्ञा पूरा हुनेछ त्यो पनि तिनीहरूलाई थाहा थिएन। तैपनि तिनीहरूले येशूको वचनबाट सान्त्वना पाएका थिए। *उहाँको पिताको घरमा तिनीहरूको निम्ति ठाउँ ? त्यो पनि येशू आफैले तिनीहरूको रहने ठाउँ तयार पारिरहनुभएको?* यस संसारमा तिनीहरू जहाँ बसेतापनि येशूले तयार पारिरहनुभएको घर यस संसारमा तिनीहरू बस्ने घरभन्दा धेरै राम्रो हुनेछ भन्ने कुरामा तिनीहरूले चित्त बुझाएका थिए।

केही समय अघि आफ्ना चेलाहरूसँग बसिरहनुहुदा आफ्नो दोस्रो आगमन पहिला के के हुनेछ भनेर संक्षिप्तरूपमा जानकारी दिनुभएको थियो।यो भविष्यको इतिहास थियो तर त्यसको चित्रण राम्रो थिएन। अन्तको समयमा यस पृथ्वीमा लडाईं अर्थात युद्धहरू, युद्धका हल्लाहरू, एक देशको बिरुद्धमा अर्को देश लाग्ने, अनिकालहरू, महाबिपत्ति र भूकम्प जस्ता मानिसको मन आतङ्कित पार्ने घट्नाहरू हुनेछन् भनेर येशूले खलासा गर्नुभएको थियो। " यो त दुःखको शुरुवातमात्र हो"

येशूले थप्नुभयो। येशूलाई विश्वास गर्नेहरूलाई सतावट दिएइनेछ, इसाई इसाईहरूकै बीचमा विश्वासघात, गद्दारी र धोखा दिने काम हुनेछन्, अनेकन् जालझेल र छलमा परेर मानिसहरूको जीवन उथलपुथल हुनेछन्, र दुःखकष्ट आदि मानिसहरूलाई आतङ्कित बनाउने घट्नाहरू त केवल केही मात्र हुन् भनेर येशूले यस संसारको दुःखलाग्दो भविष्यवाणी गर्नुभएको थियो।

यसबारे बुझ्न प्रकाश १२:६,१४,१३:५, गन्ती १४:३४ मा हेर्नुहोस्)। यो समय छैटौं शताब्दी अर्थात् सन् ५३८मा सुरूभएको थियो र अठारौं शताब्दी अर्थात सन् १७९८मा अन्त भएको थियो।दानिएल ८:१४मा उल्लेखित २३,०० दिन वा वर्षहरूको लामो भविष्यवाणी सन् १८४४मा पूरा भएको थियो।

हामी अन्तिम दिनहरूमा (दानिएल १२:१३ मा ) बाँचिरहेका छौं भन्ने कुरामा हामी विश्वास गर्दछौं। यस संसारको अन्तको चरमबिन्दु येशूको दोस्रो आगमन हो, त्यो दिन हामीलाई थाहा छैन तर जे हुनेछ त्यो थाहा पाउनु आवश्यक छ र जब हुनेछ तब त्यसको लागि हामी तयार हुनुपर्छ। कसरी त? त्यसको उत्तर पावलले राम्रोसँग कलस्सी २:६मा दिइएका छन्, "जसरी तिमीहरूले येशू ख्रीष्टलाई ग्रहण गऱ्यौ त्यसरी नै तिमीहरू उहाँको चालमा चल।" यस संसारको अन्त्यको बारेमा धेरै मानिसहरूले अनेकौं अडकल लगाइरहेको सन्दर्भमा र यस संसारमा भइरहेको अनेकौं घट्नाहरूले हामीहरूलाई च्यापिरहेको अवस्थामा ती घट्नाहरूमा मात्र अलमलिएर बस्न हामीलाई सजिलो हुन्छ। तर ती घट्नाहरूको चरमबिन्दु के हो त भन्दा येशूको पुनरागमन  हो। घट्नाहरूको लागि होइन उहाँको आगमनको निम्ति हामी सधैं तयार हुनुपर्छ।

यस पुस्तकमा हामीले संसारको अन्त्यको बारेमा केही हदसम्म छलफल गर्नेछौं। तर हाम्रो मूल ध्यान येशूमा लगाउनेछौं। संसारमा हुने विभिन्न घट्नाहरू र तिनीहरूको सामना गर्दै येशूको आगमनको निम्ति हामी कसरी तयार भएर बस्ने भन्ने विषय यस  पुस्तकको ध्येय

हुनेछ। हो, ऐतिहासिक मिति, संसारमा भएका बिभिन्न घट्नाहरू र बाइबलले बताए अनुसार चलिरहेको विश्वको इतिहास हेर्न जरुरी छ। तैपनि यस परिप्रेक्ष्यमा बाइबलले येशूको बारेमा चर्चा गर्दछ। उहाँ को हुनुहुन्छ, हाम्रो निम्ति उहाँले के गर्नुभयो, उहाँले हाम्रो निम्ति के गर्नुहुन्छ, हाम्रो निम्ति उहाँ किन क्रुसमा टाँगिनुभयो र उहाँ आउनुहुदा उहाँले के गर्नुहुनेछ भन्ने विषयबस्तुमा हाम्रो विश्वास अड्नुपर्छ। हाम्रो जीवनको केन्द्रविन्दु येशू हुनुहुन्छ। यस सन्दर्भमा पावलले भन्दछन्: "येशू ख्रीष्ट र उहाँ क्रुसमा टाँगिनु बाहेक अरू केही कुरा थाहा पाउन आवश्यक नभएको मैले निश्चय गरेको छु" (१ कोरन्थी २:२ रूपान्तरित)। जति हाम्रो ध्यान उहाँमा केन्द्रित गर्छौं त्यति हामी उहाँ जस्तै हुनेछौं, जति हामी उहाँका वचनहरू पालन गर्छौं त्यति हामी उहाँको आगमनको निम्ति तयार भएर बस्न सक्छौं। जति हामी तयार हुन्छौं त्यति हामी त्यस ठाउँमा जान उत्सुक हुन्छौं जुन ठाउँ येशूले उहाँलाई प्रेम गर्नेहरूको निम्ति तयार गरिरहनुभएको छ।

*(यस अध्ययन पुस्तकको लेखिका नर्मन आर. गली, पिएच. डी. हुनुहुन्छ। उहाँ अमेरिकाका दक्षिणी एडभेन्टिस्ट युनिभर्सिटीको सिस्टमाटिक थियोलोजीको खोज अनुसन्धानमा प्रोफेसर हुनुहुन्छ)।*

# विषयसूची


| अध्याय | पृष्ठ |
|---|---|
| १. सारा जगत वा अन्तरिक्षमा भइरहेको विवाद | १ |
| २. दानिएल र युगको  अन्त | १७ |
| ३. येशू र प्रकाशको पुस्तक | ४४ |
| ४. मुक्ति र अन्तिम समय | ५९ |
| ५. स्वर्गको पवित्रस्थानमा येशू ख्रीष्ट | ७२ |
| ६. व्यवस्थाको "परिवर्तन" | ८८ |
| ७. मत्ती २४ र २५ | १०५ |
| ८. सनातन सृष्टिकर्ताको आराधना तथा उपासना | १२१ |
| ९. अन्तिम समयमा शैतानले ल्याउने छलहरू | १३३ |
| १०. अमेरिका र बेबिलोन | १५१ |
| ११. परमेश्‍वरको लालमोहर वा पशुको छाप | १६६ |
| १२. बेबिलोन र आर्मगेड्डुन | १७८ |
| १३. हाम्रो प्रभु येशूको पुनरागमन | १९४ |

## अस्थाई पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन अध्ययन असार १५, २०७५ ( जुन २९, २०१८) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | चैत्र १७-२३ (मार्च ३१-अप्रिल ६) |
| २ | अध्याय २ | चैत्र २४-३० (अप्रिल ७-१३) |
| ३ | अध्याय ३ | बैशाख १-७ (अप्रिल १४-२०) |
| ४ | अध्याय ४ | बैशाख ८-१४ (अप्रिल २१-२७) |
| ५ | अध्याय ५ | बैशाख १५-२१ (अप्रिल २८-मे ४) |
| ६ | अध्याय ६ | बैशाख २२-२८ (मे ५-११) |
| ७ | अध्याय ७ | बैशाख २९-जेष्ठ ४ (मे १२-१८) |
| ८ | अध्याय ८ | जेष्ठ ५-११ (मे १९-२५) |
| ९ | अध्याय ९ | जेष्ठ १२-१८ (मे २६-जुन १) |
| १० | अध्याय १० | जेष्ठ १९-२५ (जुन २-८) |
| ११ | अध्याय ११ | जेष्ठ २६- असार १ (जुन ९-१५) |
| १२ | अध्याय १२ | असार २-८ (जुन १६-२२) |
| १३ | अध्याय १३ | असार ९-१५ (जुन २३-२९) |